उमाकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४

चलानी नं: १४८५

उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रिति, रामेछाप बागमती प्रदेश, नेपाल

सेवा करारमा पद पूर्तिको लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०८३/०८/०८)ने.स. ११४७

उमाकुण्ड गाउँपालिकामा भूमि व्यवस्थापन सम्वन्धी सेवा सञ्चालन गर्न देहायका पदमा सेवा करार मार्फत पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८३/०८/२२) गते सम्म रितपुर्वक दरखास्त दिन हुन सम्वन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल

क्र.सं.	विज्ञापन नं	पद	तह	शैक्षिक योग्यता	माग संख्या	दरखास्त दस्तुर
१	११, २०८३/२०८४	नापी अधिकृत	अधिकृत छैटौ	मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङमा स्नातक वा सो सरह उतिर्ण गरी नेपाल इन्जिनियरिङ परिषद् मा दर्ता/नविकरण भएको।	१	रू १०००
२	१२, २०८३/२०८४	सर्भेक्षक	सहायक पाँचौ	मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सि. वा सो सरह उतिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उतिर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उतिर्ण गरी कम्तिमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको ।	१	रु ७००
३	१३, २०८३/२०८४	सहायक कम्प्युटर अपरेटर	सहायक चौथो	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सि. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।	२	रु ५००

१.दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः

(क) व्यक्तिगत विवरण सहितको दरखास्त फाराम (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (घ) सम्वन्धित व्यवसायिक परिषद् मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (ङ) समय खुलेको अनुभवको प्रमाणपत्रको प्रतिलिपि (च) नगद जम्मा गरेको भौचर वा नगदी रसिद (पेश गरिने सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने छ ।

२. उमेर हदः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

३. दरखास्त पेश गर्ने स्थानः गाउँ कार्यपालिकाको कार्यालय प्रिति ।

४. दरखास्त दस्तुर बुझाउने स्थानः उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको Local Revenue Portal बाट वा कार्यालयमा नगद बुझाउन सकिने छ । यस सम्वन्धमा कुनै समस्य भएमा आन्तरिक राजश्व शाखाको सम्पर्क नं ९८६०४८४२६१ मा सम्पर्क गर्न सकिने छ ।

५. दरखास्त फाराम पाईने स्थानः गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाइड www.umakundamun.gov.np बाट Downlod गर्न सकिने छ।

६. सेवा सुविधाः नियमानुसार

७. परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः ०८३/०८४
चलानी नंः

८. परिक्षा सम्वन्धी अन्य जानकारी मंसिर २२ गते पछि प्रकाशन गरिने छ ।
९. सूचनामा उल्लेख हुन छुट भएको विषयहरूमा प्रचलित कानून बमोजिम हुने छ ।
१०. दरखास्त स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्वन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा निहित हुने छ ।

एकराज कुलुङ
प्रमुख प्रशासकीय अधिकृत